# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

२४ वैशाख २०७७

**जोखिममा रहेकाहरुको मानव अधिकार सुनिश्चित गर्न आग्रह ।**

कोभिड-१९ बाट उत्पन्न जटिल परिस्थितिमा राष्ट्रिय मानव अधिकार आयोगले नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपालसँगको सहकार्यमा विभिन्न तहका समितिहरुमार्फत मानव अधिकार अवस्थाको अनुगमन गरिरहेको छ । अनुगमनबाट प्राप्त सूचना तथा तथ्यको आधारमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सम्पूर्ण नागरिकहरुलाई आयोग निम्नानुसार आग्रह गर्दछ ।

- कोभिड-१९ को रोकथामका लागि नेपाल सरकारले गरेको लकडाउनलाई थप व्यवस्थित बनाउन सुरक्षाकर्मी तथा आम नागरिकहरुले थप सचेतता अपनाउन र लकडाउनको पालनामा देखिएका कमीकमजोरीलाई सच्याई कडाइका साथ लकडाउनको पालना गर्न/गराउन,
- संक्रमण पत्ता लगाउनका लागि आरडीटी परीक्षण भरपर्दो नभएकोले पीसीआर परीक्षणको लागि पर्याप्त उपकरणको व्यवस्था गर्न, संक्रमित क्षेत्रमा पीसीआर परीक्षणलाई तीव्रता दिन तथा अस्पतालहरुमा पर्याप्त पीपीइ व्यवस्था गर्न,
- लकडाउनको अवधिमा हुने लैंगिक हिंसा रोकथाम र न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न,
- निषेधित तथा सिल्ड गरिएका क्षेत्रका अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी तथा शिशुहरुको आधारभूत आवश्यकतामा विशेष ध्यान पुऱ्याउन,
- अन्तर्राष्ट्रिय सीमा नाकाबाट रातदिन लुकिछिपी प्रवेश गर्ने मानिसहरुलाई नियन्त्रण गर्न र सवारी साधनमा भइरहेको अव्यवस्थित आवतजावत र भीडलाई रोक्न,
- सबै क्वारेण्टाइनमा रहेका मानिसहरुको लागि मौसम अनुकूलको ओड्ने, ओछ्याउने, सरसफाइको लागि आवश्यक शौचालय, पानी, औषधी र खाद्यान्नको उचित प्रबन्ध गरी क्वारेण्टाइनहरुको भरपर्दो व्यवस्थापन गर्न/गराउन,
- विदेशमा अलपत्र अवस्थामा रहेका नेपाली विद्यार्थी, आप्रवासी कामदार, पर्यटक तथा कामको सिलसिलमा विदेशमा रहेकाहरुको आधारभूत आवश्यकता परिपूर्तिको लागि कुटनीतिक पहल गर्न तथा उनीहरुलाई स्वदेश फर्कने वातावरण तयार गर्न,
- लकडाउनलाई प्रभावकारी बनाउने उद्देश्यले खटिएका सुरक्षाकर्मीहरु माथि कतिपय स्थानमा आक्रमण समेत भएकोले सो को जोखिम विश्लेषण गरी सुरक्षाकर्मी थप गर्दै उनीहरुको मनोबल उच्च बनाउने तथा सुरक्षाकर्मीको बसोबास, खाद्यान्न र स्वास्थ्य-सुरक्षा उपकरणको समेत समुचित प्रबन्ध मिलाउन,
- कोभिड प्रभावित क्षेत्रमा खाद्यान्न अभाव भएको, कोभिडबाहेकका बिरामीको उपचार हुन नसकेको, राहत वितरण व्यवस्थित हुन नसकेको र दैनिक श्रम गरी जीवनयापन गर्ने व्यक्तिहरुको जीवनयापनमा समस्या देखिएकोले उनीहरुको खाद्य तथा स्वास्थ्य अधिकारको सुनिश्चितता गरी जीवनको अधिकार रक्षा गर्न,
- समाचार संकलनमा हिँडेका सञ्चारकर्मीहरुलाई आवश्यक सूचना उपलब्ध गराउन तथा दुर्व्यवहार नगर्न,
- विद्यार्थी तथा अविभावकहरुसँगको परामर्श र न्यूनतम तयारी विनाको अनलाईन शिक्षाबाट आधारभूत तहका बालबालिकाहरुमाथि मानसिक दबाब पुग्ने भएकाले त्यसतर्फ विशेष ध्यान पुऱ्याई कार्य गर्न ।

.......................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org